# गैंडाकोट राजपत्र

खण्ड : ०५ | संख्या: ३ | मिति २०७९/०२/२३

## भाग - ०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# विपद् राहत तथा उद्धार कार्यविधि, २०७९

**प्रस्तावना,**

गैंडाकोट नगरपालिका क्षेत्रभित्र विभिन्न किसिमका प्राकृतिक तथा गैर प्राकृतिक विपद्को कारण हुने क्षति र पिडितहरुको लागि राहत तथा सहयोग उपलब्ध गराउन तथा यस नगरक्षेत्रभित्र विपद् हुन सक्ने र त्यसका लागि पूर्व तयारी तथा प्रतिकार्य योजनालाई व्यवस्थित बनाई सकेसम्म क्षति न्युनीकरण गर्न र नगरक्षेत्र भित्रका विपद् पिडित नागरिकलाई तत्काल राहत एवं सहयोग उपलब्ध गराई उनीहरुको जीवनयापन तथा गास वास कपासको व्यवस्थापनमा तत्काल सहयोग पुर्‍याउन आवश्यक भएकोले गैंडाकोट नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपद् राहत तथा उद्धार कार्यविधि, २०७९ रहनेछ" ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "कार्यविधि" भन्नाले गैंडाकोट नगरपालिका भित्रका १८ वटा वडामा विपद्वाट पिडितहरुको राहत र उद्धार कार्यलाई व्यवस्थित गर्न नगर कार्यपालिकाद्वारा स्वीकृत गरी जारी गरिएको विपद् राहत तथा उद्धार कार्यविधि, २०७९ सम्झनु पर्छ ।

(ख) "कोष" भन्नाले गैंडाकोट नगर कार्यपालिकाद्धारा विपद् व्यवस्थापनको लागि स्थापना गरेको कोष सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगर कार्यपालिका" भन्नाले गैंडाकोट नगर कार्यपालिका सम्झनु पर्छ ।

(ङ) ''समिति'' भन्नाले गैंडाकोट नगर विपद् व्यवस्थापन समिति सम्झनु पर्नेछ । यस शब्दले वडा स्तरमा विपद् व्यवस्थापनको लागि गठन गरिएको वडा विपद् व्यवस्थापन समिति समेत सम्झनु पर्छ।

(च) ''सामुदायिक संस्था'' भन्नाले यस नगरपालिकाका सवै वडाहरुमा गठन भएका विभिन्न समुह, संस्था तथा समुदायमा आधारित गैरसरकारी संस्थाहरुलाई सम्झनु पर्नेछ ।

## परिच्छेद २

## विपद्को वर्गीकरण

३. यस नगरक्षेत्र भित्र पर्नसक्ने विपद्का घटनाहरुलाई देहाय अनुसार वर्गीकरण गरिएको छ ।

(क) प्राकृतिक विपद् : प्राकृतिक विपद् अर्न्तगत भुकम्प, वाढी पहिरो, आगलागी, चट्यांग, भूक्षय, असिनापानी, अतिबृष्टि, अनाबृष्टि, अल्पबृष्टि, सीतलहर, हावाहुरी, व्यक्तिगत तथा संस्थागत सम्पत्तिको नाश हुनेगरी पर्ने ठूला प्रकारका खाडलहरु वा यस्तै प्रकारका प्राकृतिक घटनाहरुवाट उत्पन्न हुने समस्याहरु पर्दछन ।

(ख) गैरप्राकृतिक विपद्: गैरप्राकृतिक विपद् अन्तर्गत महामारी, अनिकाल, किट वा सुक्ष्म जीवाणुवाट हुने आतंक, पशुपंक्षी तथा चराचुरुंगीहरु र जंगली जनावरवाट सर्ने फ्लु र अन्य यस्तै रोगहरु, सर्प विच्छी, वाघ भालु लगायतका अन्य जीवजन्तुको आक्रमणवाट हुने जटिल घाइते एवं सोले सृजना हुने असहज अवस्था, जनावर आतंक, सडक दुर्घटना, विद्युतीय दुर्घटना, वातावरणीय प्रदुषण, प्रकोप तथा उद्धार कार्यमा हुने दुर्घटना, लडाई वा झैझगडा वा यस्तै अन्य गैर प्राकृतिक घटनाका कारण कारण उत्पन्न हुने विपद्जन्य समस्याहरु पर्दछन ।

(ग) रोगब्याधीको कारण हुने विपद्: रोगब्याधीको कारण हुने विपद अन्तर्गत जटिल स्वास्थ्य समस्याका कारण हुने पारिवारिक एवं सामाजिक समस्या जस्तो कि जटिल मुटुरोग, क्यान्सर, प्यारालाइसिस, मृगौला फेल, ब्रेन ह्युमरेज, शरीरका कुनैपनि भागमा हुने ठूलो प्रकारका अपरेशनहरु, महिलाको सुत्केरी हुन नसकी उत्पन्न हुने समस्याहरु, जटिल मानसिक समस्याहरु लगायत अन्य दिर्घकालीन समस्या सृजना गर्ने घटनाहरु पर्दछन ।

## परिच्छेद ३

## विपद्को कारण हुनसक्ने क्षति

४. **विपदको कारण हुने क्षतिको वर्गिकरणः** परिच्छेद २ मा उल्लिखित तीन वटै प्रकारका विपद्का घटनाहरुवाट सृजना हुने क्षतीलाई देहायअनुसार बर्गिकरण गरिनेछ, जसमा मानवीय क्षतिलाई पहिलो प्राथमिकता दिएर राहत तथा उद्धार कार्य गरिनेछ ।

(क) मानवीय क्षती तथा शारिरीक क्षती,

(ख) पशुपंक्षीमा हुने क्षती,

(ग) अन्नवालीमा हुने क्षती तथा उत्पादनमा हुने क्षती

(घ) वसोवासमा हुने क्षती,

(ङ) आर्थिक अवस्थामा हुने क्षती,

(च) भौतिक संरचनामा हुने क्षती,

(छ) नगर विपद् व्यवस्थापन समिति तथा कार्यपालिकाबाट तोकिएका अन्य क्षतीहरु ।

## परिच्छेद ४

## विपद्जन्य राहत प्राप्त गर्ने विधि

**५.** यस कार्यविधिले उल्लेख गरेको अवस्थामा यसै कार्यविधि अनुसार र काबु वाहिरको अवस्था र यस कार्यविधिले उल्लेख नगरेको अवस्थामा नगर कार्यपालिकाको वैठकको निर्णय अनुसार राहत उपलब्ध गराइनेछ । राहत कार्य सम्भव भएसम्म छिटो उपलब्ध गराउनु पर्ने गरी विपद् पीडितलाई राहत दिन वा पिडितले राहत माग गर्न आधारभूत रुपमा देहायकका विधि पुरा भएको हुनुपर्नेछ ।

(क) प्राकृतिक विपद्को हकमा प्रहरी रिपोर्ट वा प्रहरीबाट गरिएको स्थलगत मुचुल्का ।

(ख) गैर प्राकृतिक विपद्को हकमा विषयगत शाखाको स्थलगत निरीक्षण प्रतिवेदन वा प्रहरी मुचुल्का ।

(ग) रोगवाट पिडीत व्यक्तिको हकमा सरकारी अस्पतालमा भर्ना भइ गरेको खर्चको विल भरपाई र भौतिक क्षतीको हकमा सो स्पष्ट देखिने फोटो ।

(घ) सम्वन्धित वडा कार्यालयको सिफारिस ।

(ङ) सम्वन्धित व्यक्ति वा निजको संरक्षकको विपद् वारे विवरण खुलाएको माग निवेदन ।

(च) व्यक्ति स्वयं विपद् पिडित भई उपस्थित हुन नसक्ने भएकोमा सम्वन्धित वडा कार्यालयको एकाघरको व्यक्ति तोकिएको सिफारिस पत्र ।

**६.** नियम ५ मा उल्लिखित विवरणहरु झुटा ठहरिएको अवस्थामा राहत लिने व्यक्तिले प्राप्त गरेको राहत रकम वा जिन्सी विपद् व्यवस्थापन कोषमा रहने गरी फिर्ता गर्नुपर्नेछ ।

## परिच्छेद ५
## राहत विवरण

**७.** विपद् पीडितलाई राहत तथा क्षतिपूर्ति वितरणको लागि देहायको विधि अवलम्वन गरिनेछ ।

(क) गैंडाकोट नगर कार्यपालिकाको कार्यालयद्धारा उपलब्ध गराउने राहतको मात्रा स्वीकृत बजेटको सिमा भित्र रही यस कार्यविधिमा उल्लेख गरिए अनुसार हुनेछ ।

(ख) विपद् पीडितको लागि राहत, उद्धार तथा क्षतीपूर्तिको लागि नगर सभाबाट वार्षिक रुपमा विनियोजित बजेटबाट राहत तथा क्षतीपूर्ति उपलब्ध गराउदा वा यस्तो रकम उद्धार कार्यमा खर्च गर्दा नगर प्रमुख वा निजबाट अख्तियार प्राप्त अधिकारीको निर्णयका आधारमा गरिनेछ ।

(ग) राहत, उद्धार, क्षतिपूर्ति तथा विपद् सम्वद्ध भौतिक संरचना निर्माण वा संरक्षणको लागि नगर विपद् व्यवस्थापन कोषबाट रकम खर्च गर्दा नगर विपद् व्यवस्थापन समितिको निर्णयका आधारमा खर्च गरिनेछ । तर, तत्काल यस्तो कोषबाट रकम खर्च नगरी नहुने अवस्था भएमा सो को पुष्ट्याई सहित नगर विपद् व्यवस्थापन समितिको अध्यक्षको निर्णयका आधारमा खर्च गरी पछि समितिबाट सो को समर्थन गराउन सकिनेछ ।

(घ) राहतको सीमा तथा मात्रा निर्धारणमा मानविय क्षतिलाई पहिलो प्राथमिकतामा राखिनेछ ।

(ङ) राहतको सीमा तथा मात्रा निर्धारण क्षतिको मात्रा, शंवेदनशिलता र क्षतिको प्रभाव तथा असर तथा उपलब्ध स्रोतको आधारमा हुनेछ ।

(च) राहत उपलब्ध गराउंदा प्रभावकारीताको आधारमा नगद, जिन्सी वा सेवा उपलब्ध गराइनेछ । राहत संगै आवश्यकतानुसार प्राविधिक सहयोगको लागि समन्वय, सहकार्य र साझेदारी समेत गर्न सकिनेछ ।

**८.** विपद् पीडितलाई उपलब्ध गराईने राहत तथा क्षतिपूर्तिको मात्रा देहाय बमोजिम हुनेछ ।

(क) मानविय क्षती भएको अवस्थामा प्रतिव्यक्ति अधिकतम रु ५०,०००।- सम्म नगद राहत उपलब्ध गराउन सकिनेछ ।

(ख) अंगभंग तथा जटिल घाइतेको लागि प्रतिव्यक्ति अधिकतम रु २५,०००।- सम्म नगद राहत उपलब्ध गराउन सकिनेछ ।

(ग) कुनै परिवारमा एक भन्दा बढि सदस्यको मानविय क्षति भएको अवस्थामा जनही न्यूनतम सिमाको रकम उपलब्ध गराउन सकिनेछ ।

(घ) अन्य क्षतिको अवस्थामा क्षतिको मूल्याङ्कन रकमको आधारमा अनुसूची १ मा उल्लेखित दरमा नबढ्ने गरी राहत उपलब्ध गराउन सकिनेछ ।

९. विशेष परिस्थिती परी यस कार्यविधिमा उल्लेखित दर वाहेकको रकम समेत उपलब्ध गराउनुपर्ने भएमा नगर कार्यपालिकाको निर्णय अनुसार उपलब्ध गराउन सकिनेछ ।

१०. **जटिल रोग पीडितको लागि राहत :** जटिल रोगवाट पीडित व्यक्तिको लागि अधिकतम २०,०००।- सम्म राहत उपलब्ध गराउन सकिनेछ । सो को लागि सम्वन्धित रोगको विशेषज्ञ डाक्टर एवं अस्पतालवाट प्रमाणित भएको हुनुपर्नेछ । जसमा जटिल रोगहरु भन्नाले देहायका रोगहरु मात्र मानिनेछ ।

- मुटुरोग :
- क्यान्सर
- प्यारालाईसिस
- मृर्गौला फेल
- व्रेन ह्युमरेज
- ठूला अपरेसनहरु
- सुत्केरी हुन नसकी उत्पन्न हुने जटिल समस्याहरुः
- महामारी
- फ्लु प्रकृतिका महामारीहरुः
- मेरुदण्डको समस्या
- गम्भिर मानसिक समस्याः

अनुसूची १

(दफा ८ सँग सम्बन्धित)

**नगरपालिकाबाट उपलब्ध गराउन सकिने अधिकतम राहत तथा क्षतिको विवरण**

(१) रु १,००,००० (एकलाख) सम्मको क्षतिको लागि:

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | ५,०००।- | |
| २ | पहिरोवाट हुने क्षती | ५,०००।- | |
| ३ | आगलागीवाट हुने क्षती | १०,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | १०,०००।- | |
| ५ | असिना पानी | ५,०००।- | |
| ६ | भुकम्प | ५,०००।- | |
| ७ | भूक्षय | ५,०००।- | |
| ८ | हावाहुरी | ५,०००।- | |
| ९ | अतिबृष्टि। अनाबृष्टि | ५,०००।- | |
| १० | सर्पदंश | ५,०००।- | |
| ११ | महामारी | ५,०००।- | |
| १२ | अनिकाल | १०,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | ५,०००।- | |
| १४ | पशुपंक्षीवाट हुनु फ्लु | ५,०००।- | |
| १५ | जंगली जनावरवाट हुने आतंक | ५,०००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | ५,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | ५,०००।- | |

**(२) रु १,००,००० (एकलाख) देखि रु ३,००,००० (तीनलाख) सम्मको क्षतिको लागिः**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | ७,५००।- | |
| २ | पहिरोवाट हुने क्षती | ७,५००।- | |
| ३ | आगलागीवाट हुने क्षती | १५,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | १०,०००।- | |
| ५ | असिना पानी | ७,५००।- | |
| ६ | भुकम्प | ७,५००।- | |
| ७ | भूक्षय | ७,५००।- | |
| ८ | हावाहुरी | ७,५००।- | |
| ९ | अतिबृष्टि, अनाबृष्टि | ७,५००।- | |
| १० | सर्पदंश | ७,५००।- | |
| ११ | महामारी | ७,५००।- | |
| १२ | अनिकाल | १०,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | ७,५००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | ७,५००।- | |
| १५ | जनावरवाट हुने आतंक | ७,५००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | १०,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | ७,५००।- | |

**(३) रु ३,००,००० (तीनलाख) देखि ५,००,००० (पांचलाख) सम्मको क्षतिको लागिः**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | १०,०००।- | |
| २ | पहिरोवाट हुने क्षती | १०,०००।- | |
| ३ | आगलागीवाट हुने क्षती | २५,०००।- | |

| | | | |
|---|---|---|---|
| ४ | चट्यानवाट हुने क्षती | २५,०००।- | |
| ५ | असिना पानी | १०,०००।- | |
| ६ | भुकम्प | १५,०००।- | |
| ७ | भूक्षय | १०,०००।- | |
| ८ | हावाहुरी | १०,०००।- | |
| ९ | अतिबृष्टि, अनाबृष्टि | १०,०००।- | |
| १० | सर्पदंश | १५,०००।- | |
| ११ | महामारी | १०,०००।- | |
| १२ | अनिकाल | १२,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | १०,०००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | १०,०००।- | |
| १५ | जनावरवाट हुने आतंक | १५,०००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | १५,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | १५,०००।- | |

**(४) रु. ५,००,००० (पांचलाख) भन्दा माथिको क्षतिको लागिः**

| क्र.स. | विपद्को किसिम | अधिकतम राहत रकम | कैफियत |
|---|---|---|---|
| १ | बाढीवाट हुने क्षति | १५,०००।- | |
| २ | पहिरोवाट हुने क्षती | १५,०००।- | |
| ३ | आगलागीवाट हुने क्षती | ३०,०००।- | |
| ४ | चट्यानवाट हुने क्षती | ३०,०००।- | |
| ५ | असिना पानी | १५,०००।- | |
| ६ | भुकम्प | २०,०००।- | |

| | | | |
|---|---|---|---|
| ७ | भूक्षय | १५,०००।- | |
| ८ | हावाहुरी | १५,०००।- | |
| ९ | अतिबृष्टि, अनाबृष्टि | १५,०००।- | |
| १० | सर्पदंश | १७,०००।- | |
| ११ | महामारी | १५,०००।- | |
| १२ | अनिकाल | १५,०००।- | |
| १३ | किरा, सुक्ष्म जीवाणुको आतंक | १५,०००।- | |
| १४ | पशुपंक्षीवाट हनु फ्लु | १७,०००।- | |
| १५ | जनावरवाट हुने आतंक | २०,०००।- | |
| १६ | विभिन्न दुर्घटनावाट घाइते | २०,०००।- | |
| १७ | अन्य विविध प्रकोप पिडित | २०,०००।- | |

आज्ञाले,

मुक्तिराम रिजाल

प्रमुख प्रशासकीय अधिकृत